DOI: https://doi.org/10.3126/cognition.v6i1.64473

# *समरगाथा* उपन्यासमा वर्गचेतना र वर्गद्वन्द्वबिचको सम्बन्ध

## (The relationship between class consciousness and class conflict in the novel *Samargatha*)

निलुफर बञ्जरा[१]

***लेखसार***

*प्रस्तुत लेख ऋषिराज बरालद्वारा लिखित समरगाथा उपन्यासमा अर्न्तनिहित वर्गचेतना र यसको वर्गद्वन्द्वसँगको सम्बन्धमाथिको विश्लेषणमा केन्द्रित छ । समाजमा निरन्तर चल्ने वर्गसङ्घर्षमा उत्पीडक वर्गको विरुद्ध उत्पीडित वर्गलाई आफ्नो वर्गीय हितका बारेमा सजग गराउँदै वर्गीय चेतना जागृत गराउन यस लेखले भुमिका निर्वाह गर्ने छ । माओवादी सशस्त्र युद्धलाई मुख्य विषयवस्तु बनाएर लेखिएको यस उपन्यासमा उपन्यासले वास्तविक घटनाक्रमलाई चित्रित गरेको छ कि छैन र उपन्यासमा चित्रित उत्पीडित वर्गको प्रतिनिधित्व गर्ने पात्रहरूको वर्गीय चेतनासँग वर्गद्वन्द्वको के कस्तो सम्बन्ध रहेको छ भन्ने प्राज्ञिक समस्यालाई लेखमा सम्बोधन गर्ने प्रयत्न गरिएको छ । मार्क्स - एङ्गेल्सद्वारा प्रतिपादित र विकसित वर्गीयता सम्बन्धीको मार्क्सवादी सैद्धान्तिक अवधारणाका आधारमा लेखमा उठान गरिएको प्रस्तुत समस्यालाई हल गरिएको छ । उपन्यासले २०५२ सालबाट सुरु भएको माओवादी सशस्त्र युद्धलाई यथार्थपरक ढङ्गबाट चित्रण गरेको छ । उत्पीडित नेपाली जनताले सशस्त्रयुद्धको मैदानमा देखाएको वीरता, साहस, सौंय र उदातताको यथार्थपरक प्रस्तुति उपन्यासमा गरिएको छ । उपन्यासमा चित्रित उत्पीडित वर्गका पात्रहरू वर्गीय चेतनाले भरिपूर्ण भएका छन् । समाजमा रहेका उत्पीडक वर्गले आफूहरू माथि गरेको अन्याय, अत्याचार, शोषण र दमनका बारेमा उनीहरूलाई प्रयाप्त ज्ञान छ र यही ज्ञानका आधारमा सशस्त्र सङ्घर्षको जस्तो सुकै चुनौतीको सामना गर्न उनीहरू लागि परेका छन् । राज्यसत्ताका हरेक संयन्त्र उत्पीडक वर्गको पक्षमा हुन्छ भन्ने कुरा उपन्यासमा चित्रित ती क्रान्तिकारी पात्रहरूलाई थाहा छ । राज्यसत्ताका पुलिस, सेना, जासुसी सयन्त्र उत्पीडित वर्गका जनता र ती क्रान्तिकारी योद्धाहरूमाथि दमन गर्न केन्द्रित भएको हुन्छ तर उनीहरू राज्यसत्ताको वर्गीय पक्षधरताका बारेका सचेत भए कै कारण राज्यसत्ताद्वारा गरिने जस्तो सुकै दमनका विरुद्ध संगठित भएर लागि परेका छन् । उनीहरू आफ्नो वर्गीय मुक्तिको लागि भन्दै हाँसी -हाँसी मृत्यु वरण गर्न तयार भएका हुन्छन् । यो उनीहरूमा भएको वर्गीय चेतना कै कारण सम्भव भएको हो । यसर्थ उपन्यासमा वर्गीय चेतना र वर्गीयद्वन्द्वबिच अन्योन्याश्रित सम्बन्ध रहेको देखिन्छ ।*

**शब्दकुन्जी** : क्रान्तिकारी, जनयुद्ध, वर्गसङ्घर्ष, वर्गयुद्ध, योद्धा

## १. विषयपरिचय

ऋषिराज बरालको *समरगाथा* उपन्यासमा वर्गचेतना र वर्गद्वन्द्वबिचको सम्बन्ध अध्ययन प्रस्तुत लेखको प्राज्ञिक विषय हो । बराल (२००९)का हालसम्म *भावना* (२०३४), *कामरेड हुतराज राजधानी प्रस्थान*

१. शहीद स्मारक कलेज, कीर्तिपुरमा अध्यापनरत, ईमेलः kabitabanjarakhatri@gmail.com

Received on Sept. 21, 2023 Accepted on Dec. 19, 2023 Published on Jan. 31, 2024

(२०४८) र *समरगाथा* (२०६४) उपन्यासहरू प्रकाशित छन् । *समरगाथा* (२०६४) *ऋषिराज बरालको तेस्रो उपन्यास* हो । यो जनयुद्धको गाथा लेखिएको जनयुद्धकालीन उपन्यास हो । वर्गसङ्घर्षका माध्यमबाट सर्वहारा क्रान्ति सम्पन्न गरी त्यसबाट सर्वहारा, श्रमजीवी जनताको वर्गीय मुक्ति प्राप्त गर्ने सन्दर्भ उपन्यासमा उल्लेख छ । जनयुद्धमा नेपाली जनताले देखाएको वीरता, साहस, सौर्य र उदात्तताको यथार्थपरक प्रतिबिम्बन गरी वर्गद्वन्द्व देखाउनु यस उपन्यासको महत्त्वपूर्ण पक्ष हो । युद्धले जन्माएको जनवर्गीय विजय र त्यसबाट प्राप्त सुन्दर यथार्थको सौन्दर्यात्मक पारख पनि यस उपन्यासले प्रस्तुत गरेको छ । बर्बर राज्य आतङ्क र त्यसबेला राज्यद्वारा न्यायप्रेमी जनतामाथि भएको हदैसम्मको पशुवत व्यवहारले सृजना गरेका कुरूप यथार्थलाई ध्वंस गर्दै सृजना भएको सुन्दर यथार्थ यसमा प्रस्तुत गरिएको छ । सामाजिक अन्याय, अत्याचार, विभेदले समाजलाई प्रदान गरेको विरूपताको उत्कर्ष प्रस्तुत गर्दै त्यसको सही निकासका रूपमा सामन्ती शोषणमूलक समाजको अन्त्य गरेर स्थापना गरिने न्यायमूलक समाजलाई प्रस्तुत गर्नु उपन्यासको प्रमुख उद्देश्य हो । वि.सं.२०५२ माओवादी सशस्त्र युद्धको प्रारम्भको वर्ष हो । यसले विकास र विस्तार गर्दै जाँदा सामन्ती राज्यसत्ताका पुराना संरचना तथा अवशेषहरूको ध्वंश हुँदै नयाँ, गतिशील तथा उर्जाशील यथार्थको सृजना हुँदै गयो । उपन्यासमा वर्गद्वन्द्वद्वारा सिर्जित यथार्थलाई प्रस्तुत गरिएको छ । यस प्राज्ञिक जिज्ञासाको समाधानका लागि प्रस्तुत उपन्यासमा वर्गीय चेतना र वर्गीय द्वन्द्वबिचको सम्बन्धलाई लेखको प्रमुख समस्या बनाएर विश्लेषण गरिएको छ ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

प्रस्तुत अध्ययनका निम्ति निर्धारित समस्याको समाधानको लागि ऋषिराज बरालको *समरगाथा* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीबाट प्राप्त भएका तथ्यको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षसम्म पुग्नका लागि वर्गीयतासम्बन्धी मार्क्सवादी अबधारणा अभिव्यक्त भएको कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले संयुक्त रूपमा तयार पारेका कम्युनिष्ट पार्टीको घोषणापत्र लगायत विभिन्न मार्क्सवादी चिन्तकहरूको विचारधारामा आधारित भएर विश्लेषण गरिएका अन्य सैद्धान्तिक सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा सङ्कलन गरिएको छ । यी सामग्रीहरूको उपयोग गरी *समरगाथा* उपन्यासमा वर्गचेतना र वर्गद्वन्द्वबिचको सम्बन्धको विश्लेषण गरिएको छ ।

आदिम समुदायको विनाशपछि नै समाजमा वर्गभेद सुरु हुन्छ र अन्त्यमा समाज परस्पर विरोधी वर्गहरूमा बाँडिन्छ । अहिलेसम्म अस्तित्वमा रहेका सबै समाजहरूको इतिहास वर्ग सङ्घर्षको इतिहास हो (मार्क्स र एङ्गेल्स, सन् १८४८, पृ. ३९) । घरानियाँ र साधारण प्रजा, सामन्त र भुदास, निपूर्ण कालिगढ र सिकारु कालिगढ अर्थात्सङ्क्षेपमा उत्पीडक र उत्पीडित निरन्तर नै एकअर्काको विरोधी रहेका थिए । उनीहरू कहिले लुकिछिपी त कहिले खुल्ला रूपमा परस्पर सङ्घर्ष गर्दै रहन्थे (मार्क्स र एङ्गेल्स, सन् १८४८, पृ. ४०) । मानव समाजमा जहिलेदेखि वर्गको उत्पत्ति भयो त्यतिबेलाबाट वर्गद्वन्द्वको पनि सुरुवात भएको देखिन्छ । मानव समाजको विकास आदिम वर्गविहीन समाजबाट सुरु भई समूह, परिवार, समाज र राज्यका रूपमा भएको विकास प्रक्रियामा वर्गद्वन्द्वको प्रमुख भूमिका रहेको कुरा पनि इतिहासबाटै थाहा पाउन सकिन्छ । उत्पीडक वर्गद्वारा आफूमाथि शोषण भएको छ र यसबाट मुक्ति प्राप्त गर्न उत्पीडक वर्ग विरुद्ध

वर्गद्वन्द्वमा होमिनु पर्छ भन्ने चेतना उत्पीडित वर्गमा आउने कुरालाई वर्गीय चेतना भनिन्छ । उत्पीडित वर्गमा आउने यही वर्ग चेतनाको जगमा उत्पीडित वर्ग उत्पीडक वर्गका विरुद्धमा वर्गीय द्वन्द्वमा होमिने गर्दछन् । मार्क्सवादका अनुसार उत्पीडक र उत्पीडित वर्ग बिच चल्ने यही निरन्तरको वर्गद्वन्द्वले समाजलाई दास युगबाट वर्तमानको पुँजीवादी युगसम्म ल्याइपुर्‍याको छ । वर्गचेतना र वर्गद्वन्द्व बिचको यही मार्क्सवादी मान्यताको आधारमा ऋषिराज बरालको *समरगाथा* उपन्यासमा वर्गीय चेतना र वर्गद्वन्द्व बिचको सम्बन्ध कसरी अभिव्यक्त भएको छ र यसले समाजमा कस्तो भूमिका खेल्दछ भन्ने कुराको अध्ययन यस लेखमा गरिएको छ ।

## ३. उपन्यासमा वर्गचेतना र यसले वर्गद्वन्द्वमा पारेको प्रभाव

मार्क्सवादी अवधारणा अनुसार समाज वर्गीय हुन्छ भनिएको छ । दास युगको सुरुवातबाट वर्गीय समाजको स्थापना भएदेखि समाजको विकास वर्गसङ्घर्षकै प्रक्रियाबाट गुज्रदै आएको छ । समाजमा देखिने वर्गीय सङ्घर्षको प्रभाव साहित्य र कलामा पनि देखिने गर्दछ र वर्गीय समाजमा हरेक साहित्य र कला वर्गीय हुन्छ । सामन्तीवर्गको हितमा लेखिएको साहित्य र कला सामन्तवर्गीय साहित्य र कला हुन्छ, पुँजीपतिवर्गका पक्षमा लेखिएका साहित्य र कला पुँजीपति वर्गीय साहित्य र कला हुन्छ र यसै गरेर नयाँ क्रान्तिकारीवर्ग अर्थात श्रमजीवीवर्गका हितमा लेखिने साहित्य र कला क्रान्तिकारी अर्थात सर्वहारावर्गीय साहित्य र कला हुन्छ (Khatri, 2022, pp. 128-29) । सर्वहारावर्गीय साहित्यले समाजमा वर्गीय चेतना अभिवृद्धि गर्दै वर्गीय सङ्घर्षलाई उर्जा प्रदान गर्दछ । बरालको उपन्यास *समरगाथा* पनि सर्वहारा वर्गीय उपन्यास हो । र यसले समाजमा रहेका शोषित पीडित वर्गका मानिसहरूमा वर्गीय चेतना जागृत गराउँदै आफ्नो वर्गका मुक्तिका लागि वर्गसङ्घर्षमा होमिन उत्प्रेरित गर्दछ ।

*समरगाथा* उपन्यासमा वर्गीय द्वन्द्वमा सहभागी पात्रहरूको चित्रण गरिएको छ । देशमा विद्यमान वर्गीय विभेदको अन्त्यका लागि भनेर माओवादी सशस्त्र युद्धमा होमिएका नेपालका विभिन्न क्षेत्रसँग सम्बन्धित क्रान्तिकारी योद्धाहरू नै उपन्यासका पात्रका रूपमा रहेका छन् । 'पूर्वेली अभियान', 'काठमाडौँ २०५९' र 'उत्तरपथ' गरी तीन भागमा विभाजन गरिएको यस उपन्यासको मुख्य कथावस्तु वर्गीयद्वन्द्व र वर्गद्वन्द्वबाट प्राप्त हुने वर्ग विभेदरहित समाजको परिकल्पना हो । पूर्वेली अभियानबाट सुरु गरिएको यस उपन्यासमा उपन्यासकारले क्रान्तिका लागि प्रतिबद्ध क्रान्तिकारी योद्धाहरूलाई सहभागी गराई कथावस्तु अगाडि बढाएका छन् । समाजमा भएको अन्याय, अत्याचार, विभेद, बलात्कार आदि समस्याको अन्त्यका लागि घर छोडेर क्रान्तिमा लागेका पात्रहरूमा बुद्धिजीवी, पत्रकार, कलाकार, महिला, दलित क्षेत्रगत रूपमा पछाडि पारिएका मानिसहरूको उपस्थिति रहेको छ । पूर्वेली अभियानबाट सुरु भएको कथावस्तुमा समाख्याताले पूर्वी पहाडी सामाजिक परिवेशको चित्रण गर्दै वर्गीय जनचेतना फैलाउँदै हिँडेका छन् :

> पूर्वमा जनसरकारहरूको निर्माण त तपाईंहरूकै क्षेत्रबाट सुरु भयो नि कमरेड ! साँच्चै हो, कहाँ छेकिने रहेछ विचार । न पर्खालले छेक्तो रहेछ, न जेलका फलामे बारले रोक्तो रहेछ, न त दमन र आतङ्कले नै । अहिले ऊ त्यही ठाउँमा पढिरहेको छ नाराहरू भित्ता भित्तामा – मार्क्सवाद–लेनिनवाद–माओवाद–जिन्दावाद ! (पृ. १३)

प्रस्तुत उद्धरणमा तत्कालीन समयमा सशस्त्र युद्धद्वारा प्राप्त उपलब्धिको यथार्थ चित्रण गरिएको छ। त्यसबखत कसैले निम्नवर्गका पक्षमा लेखिएका सामग्री र पुस्तकहरू अध्ययन गर्न पाइदैनथ्यो । मार्क्सले लेखेका वा मार्क्सवादी किताबहरू खुलेआम पढ्न पाइँदैन थियो । पुस्तक पसलमा पनि त्यस्ता पुस्तकहरू सजिलै किन्न पाइने अवस्था थिएन । पुस्तक पसलेहरूले पनि त्यस्ता पुस्तकहरू विक्रि वितरण गरे दण्ड सजायको भागिदार हुनुपर्दथ्यो । आखिर कसैले रोकेर रोकिँदैन, यो एउटा विचार हो । सही विचार आखिर संसार भरि फैलन्छ भन्दै क्रान्तिकारी योद्धाहरू गाउँगाउँमा जनसरकार बनाउँदै वर्गीय विभेदको अन्त्यका लागि समतामूलक समाजको निर्माण गर्न निरन्तर लडिरहन्थ्ये भन्ने कुरा यस उपन्यासमा समाख्याताद्वारा व्यक्त गरिएको छ ।

यो एक अभियान थियो । यहाँ विभिन्न क्षेत्रका व्यक्तिहरू सरिक भएका थिए । पत्रकार, शिक्षक, प्राध्यापक, सांस्कृतिककर्मी आदि उपवर्गका व्यक्तिहरू यस अभियानमा सहभागी थिए । बुद्धिजीवी वर्ग प्रायः उच्चवर्गको पक्षपोषण गर्ने वर्ग अन्तर्गत पर्दछ । राज्यसत्ता जसको पक्षमा छ बुद्धिजीवी–प्राध्यापकहरू पनि त्यसकै पक्षमा हुन्छन् भनिन्छथ्यो तर यस उपन्यासमा देखिएका पूर्वेली अभियानका नायक आदित्य बुद्धिजीवी प्राध्यापक भए पनि सबै थोक छोडेर वर्गीय युद्धमा सामेल भएको देखाइएको छ :

> ऊ एउटा पेसामा थियो- शिक्षण पेसामा । ऊ एउटा शिक्षक मात्र थिएन,जातीय मुक्तिआन्दोलनसित सम्बद्ध एउटा बुद्धिजीवी थियो । ऊ एउटा मार्क्सवादी बुद्धिजीवीका रूपमा सार्वजनिक रूपमा पनि परिचित थियो । तर बहुदलीय सरकार भने उसलाई माओवादीको एउटा खुङ्खार नेता मान्दथ्यो । त्यसैले कहिले हिरासत, कहिले जेल, कहिले प्रलोभन र कहिले धम्की दिएर उसका विरुद्ध अनेक तानाबाना बुन्ने गर्दथ्यो । (पृ. १६)

प्रस्तुत उद्धरणमा आदित्यको वर्गीय धरातलका बारेमा स्पष्ट पारिएको छ। पूर्वेली अभियानका नायक आदित्य पेसाले प्राध्यापक थिए । प्राध्यापन पेसा छोडेर वर्गसङ्घर्षमा सामेल भएका उनी निम्नवर्गको पक्षमा बोल्ने भएका कारण उनलाई माओवादी हो भनेर तत्कालीन राज्य व्यवस्थाले विभिन्न किसिमका दुःख दिने गर्दथ्ये । आफ्नो पेसालाई यथावत राख्दै आफ्नै समाजमा बसेर कलम चलाउँदा उल्टै माओवादीको आरोप लागेपछि उनी बाध्य भएर घर छाडी वर्गीय युद्धमा होमिएका थिए । वर्गीय चेतभरपुर भएको एक क्रान्तिकारी बुद्धिजीवीका रूपमा उनलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

वर्गयुद्ध घनीभूत रूपमा अगाडि बढिरहेको थियो। सत्ता पक्ष र विपक्ष वरपारको लडाईँमा होमिएका थिए। जनयुद्ध वर्गद्वन्द्वको उच्चतम रूप थियो। विपरीत स्वार्थ भएका वर्गहरूबिच नेपाली धर्तीमा निरन्तर चलिरहेको शान्तिपूर्ण सङ्घर्षले गुणात्मक फड्को मारेर सशस्त्र युद्धको रूप लिएको थियो। जनयुद्धको दौरान पनि विभिन्न मोर्चाहरूमा गरिने शान्तिपूर्ण विरोध, कहिले वार्ताको मोर्चा त कहिले फौजी अभियानलाई तिव्रता दिँदै त्यसबेला माओवादीहरूले सत्ताका विरुद्धमा चलाएको सङ्घर्षले हायलकायल भएको सत्ताद्वारा सञ्चालित दमनका श्रीङ्खला जस्ता तत्कालीन समयको यर्थाथ पक्षलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ। राज्यद्वारा घोषणा गरिएका किलो शेरा टु अपरेसन, सङ्कटकाल जस्ता राज्य आतङ्कमा नेपाली जनताले भोग्नु परेका सास्तीहरूलाई उपन्यासमा यसरी चित्रण गरिएको छ :

> जनताका मौलिक हक अधिकार र स्वतन्त्रता निलम्बित गरिएको थिए र प्रजातन्त्रको आवरणमा जनतामाथि, मुलुकमाथि सैन्य फासीवाद लादिएको थियो । 'सङ्कटकाल'लाई लिएर, यसको परिभाषा र चरित्रलाई लिएर पक्ष विपक्ष सर्वत्र जिज्ञासा, प्रश्न, भय, त्रास र मनोवैज्ञानिक आतङ्क सिर्जना भएको थियो । ... प्रतिक्रियावादी र तिनका मतियारहरू जनतामा थप आतङ्क मच्चाइरहेका थिए। अवसरवादीहरूले मौका छोपेर आफ्नो फोहरी अभियानको थालनी गर्न थालेका थिए । वास्तवमा सर्वत्र एउटा आतङ्क र भयको वातावरण व्याप्त थियो । (पृ. १९)

प्रस्तुत उद्धरणले तत्कालीन समयमा चलेको भीषण वर्गद्वन्द्व र त्यसले जनतामा सिर्जना गरेको त्रास, भय र कहाली लाग्दो अवस्थालाई अभिव्यक्त गरेको छ । एकातर्फ राज्यपक्षले भय र आतङ्कको सृजना गरी जनताका अधिकारमाथि प्रतिबन्ध लगाउँदै थियो भने अर्को तर्फ वर्गीय चेतनाले युक्त वर्गीय सङ्घर्षको भट्टीमा खारिएका क्रान्तिकारी योद्धाहरू राज्यसत्तालाई चुनौती दिँदै युद्धमोर्चामा अघि बढिरहेका थिए भन्ने सन्र्दभलाई उपन्यासमा प्रस्तुत गरिएको छ ।

आफू मार्क्सवादी–लेनिनवादी पार्टीका सदस्य भएर पनि एमालेले क्रान्तिकारी पार्टी विरुद्ध कार्य गरिरहेको र सुरक्षा फौजलाई सहयोग गरेको, वर्गीय द्वन्द्वको विपक्षमा एमाले पार्टी पनि रहेको भन्ने कुरा उपन्यासमा प्रस्तुत गरिएको छ। आफूलाई मार्क्सवादी हुँ भन्नेहरूले पनि निम्नवर्गको पक्षमा आवाज नउठाएको प्रसङ्गलाई कृतिमा उठाइएको छ। पुँजीपति वर्गको राजनैतिक प्रभुत्वलाई नष्ट नगरीकन र आफ्नै सत्ता अर्थात सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेर मात्र सर्वहारावगले शोषणबाट मुक्ति पाउन सक्छ र यसै उद्देश्य परिपूर्तिका लागि सर्वहारावर्गले राजनैतिक सङ्घर्ष गर्दछ। यस्तो राजनैतिक सङ्घर्षमा राजनैतिक हडताल, जुलुस प्रदर्शन, संसदमा शान्तिपूर्ण सङ्घर्ष र सशस्त्र सङ्घर्ष आदि विभिन्न खाले सङ्घर्षहरू पर्दछ (आफ्नास्येभ, सन् १९७७, पृ. २८२) । यी विभिन्न खाले सङ्घर्षका रूप मध्ये त्यसबेला माओवादी पार्टीले अँगालेको सशस्त्र सङ्घर्षका मूल पक्षलाई नै उपन्यासले प्रमुखता दिएको छ। सशस्त्र सङ्घर्षका दौरान विभिन्न आर्थिक तथा सामाजिक पृष्ठभूमिबाट आएका क्रान्तिकारी योद्धाहरूले जस्तोसुकै जटिल परिस्थितिबाट पनि आफूहरूलाई पार लाएका छन् । उपन्यासका ती क्रान्तिकारी पात्रहरूले पूर्वी पहाडका भोजपुर, ओखलढुङ्गा, तेह्रथुम, उदयपुर, सिन्धुली, रामेछाप आदि जिल्लाका विकट स्थानमा पैदल यात्रा गरेका छन् :

> ठ्याक्कै चार घण्टाको उकालो चढेर फ्याँ फ्याँ गर्दै ऊ त्यहाँ आइपुगेको थियो । बाटो फेरि त्यस्तै थियो । ठाउँ ठाउँमा ढुङ्गा खोपेर बाटो बनाइएको थियो । काठमा फल्याक राखेर अक्करमा बनाइएको त्यो बाटो हेर्दै सातो जाने खालको थियो । तल खसियो भने अभिवादन कमरेड भन्न पनि नपाइने स्थिति थियो । तलबाट हेर्दा त त्यस्तो ठाउँमा कसरी जान सकिएला र भन्ने लागेको थियो । त्यहाँ बाटो पनि छ भनेर कल्पना गर्न सकिने स्थिति पनि थिएन । तर बाटो त रहेछ – त्यताका जनताका लागि त त्यो सायद राम्रो बाटो थियो । छैन केही, नाङ्गे डाँडो, समाउने बुटो पनि छैन । (पृ. ४१)

प्रस्तुत उद्धरणमा नेपालको भौगोलिक विकटता, यस्तो भौगोलिक परिवेशमा बाँच्नु पर्ने नेपाली जनताको विवशता र फरक भुगोलका क्रान्तिकारी योद्धाहरूले त्यस्तो भौगोलिक विकटतासँग जुध्नुपर्ने बाध्यताका

बारेमा उल्लेख गरिएको छ । त्यस वर्गीय युद्धमा सहभागी क्रान्तिकारी पात्रहरू विभिन्न वर्गीय धरातलबाट आएका भए पनि यसबेला सबै शोषित पीडित वर्गका पक्षमा दृढतापूर्वक उभिएका छन् । आदित्य कमरेड बुद्धिजीवी प्राध्यापक भए पनि उनी गरिबवर्गका पक्षमा सङ्घर्षमा होमिएका छन् । अभियानमा सहभागी सम्पूर्ण पात्रहरू गरिबवर्गको हित रक्षाका लागि चेतनशील छन् । सदिऔँदेखि सामन्ती राज्यसत्ता र सामन्तवर्गद्वारा गरिबवर्ग माथि गरिएका अन्याय, अत्याचारलाई सहन गर्न नसकी उनीहरू त्यस्तो शोषण दमन विरुद्ध प्रतिरोध गर्दै वर्गयुद्धमा सामेल भएका छन् ।

राजनैतिक सङ्घर्ष भनेको सामन्तवादी र पुँजीवादी व्यवस्थाको आधारलाई नै निर्मूल पार्नका निम्ति गरिने सङ्घर्ष हो । यो राज्य सत्ताका निम्ति, सर्वहारावगको अधिनायकत्वका निम्ति गरिने सङ्घर्ष हो (आफ्नास्येभ, सन् १९७७ : २८२) । उपन्यासमा चित्रण गरिएको सशस्त्र सङ्घर्ष पनि यही प्रकृतिको राजनीतिक सङ्घर्ष हो । वर्गीय मुक्तिसँग जातीय मुक्तिको सवाल पनि जोडिएको हुन्छ भन्ने कुरालाई बुझेर पूर्वी भूगोलमा अवस्थित गुरुङ, राई, लिम्बु, किराती, मगर लगायत जनजाति मूलका व्यक्तिहरू वर्गीय युद्धमा सामेल भएको र जनयुद्धमा यी समुदायको पनि राम्रो सहयोग रहेको प्रसङ्ग आदित्य कमरेडले उल्लेख गरेका छन् । जनजाति बस्तिहरूबाट युद्धमा भएको सहभागिता, उनीहरूको योगदान र बलिदानीको कथालाई उपन्यासमा प्रस्तुत गरिएको छ :

> दाजु मधेसी मुक्तिमोर्चामा हुनुहुन्छ, म यता ।...‘दाजु अहिले भूमिगत हुनुहुन्छ । भाइ पोहोरको घटनामा पऱ्यो । बुबा र माँ मात्रै । बुबालाई पनि पक्रेको खबर सुनेँ.... ।’ अर्थात, अब घरमा बुढी आमा मात्रै थिइन् । ...दाजु भूमिगत । भाइ सहिद । ऊ युद्धमोर्चामा । बिरामी बुबा पनि पक्रनु, घरमा बूढी आमा मात्रै । (पृ. ४६)

प्रस्तुत उद्धरणमा एउटा परिवारको मात्र पनि वर्गयुद्धमा कतिसम्मको योगदान रहेको थियो भन्ने सन्दर्भलाई प्रस्तुत गरिएको छ । दाजु भूमिगत छन्, भाइ सहिद भइसकेको छ, बुवा गिरफ्तारमा परिसकेका छन् र घरमा अब बुढीआमा एक्लै भएकी छिन् । समाजमा भएको अन्याय, अत्याचार, हत्या, दमन, बलात्कार जस्ता अनैतिक क्रियाकलापका विरुद्ध वर्गीय युद्धमा सामेल भएका ती मानिसहरूले के बुझेका थिए भने समाजका यी सबै घटना वर्गीय शोषण र दमनबाट भएको हो र समाजबाट वर्गीय शोषण र दमनलाई निर्मुल पार्न सकियो भने सबै समस्याको समाधान हुन्छ । यसरी हेर्दा उपन्यासका पात्रहरू चेतनशील छन् र वर्गीय चेतनाबाट मुक्त भएर उनीहरू वर्गीय युद्धमा लागेका छन् । यस उपन्यासमा आदित्य, समीर, सञ्जय, निमा र जनमुक्ति सेनामा लागेका मानिसहरू सबै वर्ग चेतनाले युक्त छन् भने समाजमा विद्यमान निम्नवर्गमाथि हुने दमनको अन्त्य हुनुपर्छ भन्दै उनीहरू वर्ग युद्धमा सामेल पनि भएका छन् । युद्धमा सहभागी मानिसहरू सबै राम्रो नै हुन्छ, भन्ने छैन । यहाँ पनि विकाश र दिपक जस्ता अराजक शैलीका मानिसहरूको घुषपैठ भएको छ । उनीहरू जस्ता, मान्छेहरूलाई राजनीतिक प्रशिक्षणका माध्यमबाट सही लाइनमा ल्याउन सकिन्छ भनेर आदित्य कमरेड बेलाबेला त्यस्तो राजनीतिक प्रशिक्षण दिने कार्यमा सहभागी भएको कुरालाई उपन्यासमा उल्लेख गरिएको छ ।

साहित्य पनि वर्गीय नै हुन्छ जसरी गाँस, बास, कपास, पात्र, परिवेश आदि वर्गीय हुन्छ । यस उपन्यासमा समाख्याताले आदित्यलाई बौद्धिक, प्राध्यापक, सांस्कृतिककर्मी तथा साहित्यकारको रूपबाट परिचित

गराएका छन् । समाख्याताले प्रस्तुत गरे जस्तै आदित्यको हरेक गतिविधि निम्नवर्गीय छ। त्यसैगरी साहित्यमा चासो राख्ने निमाका अनुभूति, दैनिकी, कविता, कथा तथा उसले डायरीमा टिप्ने विभिन्न व्यक्तिका भनाइहरूनिम्न वर्गीय र मार्क्सवाद अनुकूलको छ। वर्गीय समाजमा कला, संस्कृति पनि वर्गीय नै हुन्छन् । त्यसैले तिनमा वर्गीय स्वभाव, स्वार्थ र परिवर्तन वा उत्पीडनबाट मुक्तिका लागि हुने सङ्घर्षको अभिव्यक्ति हुने गर्छ । आख्यानात्मक विधामा त झन सहज रूपमा समाजको द्वन्द्वात्मक परिवेश उत्रिएको हुन्छ। समाजमा देखिएका असमान सामाजिक स्थितिबाट उत्पन्न हुने हिंसात्मक द्वन्द्व पनि प्रगतिवादी आख्यानात्मक कृतिमा नै सही रूपमा व्यवस्थित गरिएको हुन्छ (श्रेष्ठ, २०६५, पृ. १३७) । गाँस, बास र कपास साहित्य र कला जस्तै विवाह पनि वर्गीय नै हुन्छ। वर्गयुद्धमा होमिएका क्रान्तिकारीहरूका विवाह प्रतिक्रियावादीहरूले सोचे जस्तो हुँदैन थियो । विवाह र यौनको कुरामा पनि सबै नियम बनेको हुन्थ्यो । नियम बाहिर जानेले वर्गीय युद्धमा सहभागी हुन पाउँदैन थियो । विवाह र यौन एकनिष्ठ हुन्छ भन्ने कुरा सबैलाई थाहा हुन्थ्यो । महिलाहरूप्रति जसले कुदृष्टि लगाउँछ ऊ सजायको भागिदार हुन्थ्यो । एकनिष्ठ रूपमा एक महिला र एक पुरुषबिच भावना मिलेपछि पार्टीमा प्रस्ताव राखेर जनवादी विवाह हुने गर्दथ्यो । विवाह र यौनसम्बन्धिका समस्याले पार्टी भित्र नकारात्मक असर नपुगोस भन्नका लागि पार्टीका सबै कमरेडहरू र त्यसमा पनि निमा कमरेड विशेष चनाखो देखिन्थिन् । उनका डायरीका पानाहरू यौन नैतिकता, आर्थिक नैतिकता आदि जस्ता कुराहरूले भरिएका हुन्थ्ये :

> साँच्चिकै रोचक थिए ती डायरीहरू । लेखिएका कुराहरूमा धेरैजसो गीत, कविता, यात्रा– विवरण तथा नारी सम्बन्धी धारणा भएका लेखहरू थिए। कतिपय पन्नाहरू विभिन्न पत्रपत्रिका तथा पुस्तकबाट टिपिएका टिपोट तथा उद्धरणहरू थिए। क्यासेटमा भएका क्रान्तिकारी गीतहरू पनि डायरीमा टिपिएका थिए। ... यस्तै पीडा–दुःख, हर्ष–खुशी आदिबाट उनीहरू आफ्नो मनलाई शान्त पार्दथे । केही कुराहरू साँच्चिकै रोचक थिए। आफ्ना इच्छा विपरीत बिहे गरिदिएको अथवा लोग्ने तथा सासूससुराले हेला गरेको, आफ्नो घर परिवारप्रति साहु सामन्तले धावा बोलेको जस्ता घटना तिनमा उल्लेख गरिएका हुन्थे। आफू स्वतन्त्रता र समानताका लागि जनमुक्ति सेनामा लागेको कुरा तिनमा लेखिएका थिए। (पृ. ७०)

प्रस्तुत उद्धरणमा जनसाहित्यप्रति निमा कमरेडको झुकाव अभिव्यक्त भएको छ। आफ्नो साहित्यलाई परिष्कृत बनाउन उनी आदित्य कमरेडसँग केही सिक्ने प्रयत्न गर्दथिन् । निमा एक सङ्घर्षशील महिला छापामार हुन् । सानै उमेरमा बुबा आमाको मृत्यु भएपछि काकाकाकीसँग बस्दै आएकी थिइन् । उनी कक्षा आठमा पढ्दै गर्दा काकाको छोराको साथीले उनलाई बलात्कार गरेको थियो । उनले त्यो वास्तविकतालाई बाहिर ल्याउँदा निमामाथि नै दोष थोपरिएको थियो र काकाकाकीले आफूभन्दा तीन गुना जेठा केटासँग विवाह गर्न ठिक्क पारेपछि उनी विवाहको रात नै घरबाट भागेर वर्गयुद्धमा सामेल भएकी थिइन् । यस्तो गर्न सक्ने उनी एक निडर र साहसी महिला कमरेड हुन् । एक टुहुरी केटीको जीवनमा आइपरेको यावत दुःख पीडालाई भोगेर मुक्तिका लागि क्रान्तिमा होमिएकी निमा कमरेडले आफ्ना तितामिठा अनुभूतिहरूलाई साहित्य मार्फत पोख्ने जमर्को गरेकी थिन् । उपन्यासमा यसरी आदित्य र निमा कमरेडले सृजना गरेका

जनपक्षीय र निम्नवर्गीय साहित्यको चर्चा गरेर साहित्य र कला वर्गीय हुन्छ भन्ने कुरालाई स्थापित गर्न खोजिएको छ ।

मार्क्सवादी सिद्धान्तले युक्त भएका नारीहरू निडर हुन्छन्, कसैसँग झुक्दैनन् भन्ने उदाहरण पनि निमा कमरेडबाट सिक्न सकिन्छ । उपन्यासकारले उपन्यासमा निर्भिक, निडर र क्रान्तिकारी पात्र सृजना गरेका छन् । त्यसमा पनि महिला पात्रहरू पुरुषप्रधान समाजको आँखाबाट हेर्दा राजनीतिक रूपमा ज्यादै क्रियाशील, जस्तो सुकै जटिल परिस्थितिको पनि सजिलै सामना गर्न सक्ने निर्भिक, निडर र चतुर व्यक्तिका रूपमा देखा परेका छन् । यस्तै निडर र साहसी पात्रहरूको प्रतिनिधित्वले गर्दा यस उपन्यास सशक्त भएको छ । यो समाजलाई परिवर्तनको सन्देश दिन सफल भएको छ । वर्गीय द्वन्द्वमा निम्नवर्गका लागि यो एक हतियार सावित भएको छ ।

उपन्यासको दोस्रो खण्डमा 'काठमाडौँ-२०५९' मा काठमाडौँ उपत्यकाको तत्कालीन परिवेशलाई प्रस्तुत गरिएको छ। २०५९ सालपछि तत्कालीन राज्य व्यवस्थाले बौद्धिकवर्ग, पत्रकार, सांस्कृतिककर्मी तथा सर्वसाधारण मानिसहरूमाथि गरेको धरपकडलाई यसको विषयवस्तु बनाइएको छ । यस अध्यायमा प्रशान्त महत्त्वपूर्ण भूमिकामा छन् । पत्रकारिताको पेसामा लागेका प्रशान्त माओवादी पार्टीको प्रकाशन विभागको प्रमुख र एउटा पत्रिकाका सम्पादक हुन् । २०५९ सालमा सत्तापक्षले शाही सेना परिचालन गरी जनताका विद्रोहलाई दवाउने भरपुर प्रयास गरेको थियो । कतिबेला पक्राउ पारिन्छ, वेपत्ता बनाएर कतिबेला मारिन्छ भन्ने कुराको कुनै पत्तो हुँदैन थियो । सिभिल ड्रेसमा सेना परिचालन गर्ने, आतङ्ककारी भन्दै टाउकाको मूल्य तोक्ने यी यावत् घटनाहरूले के पुष्टि हुन्थ्यो भने जनताको आन्दोलनबाट पुरानो सत्ता आत्तिएको थियो । यही क्रममा प्रशान्त पक्राउ पर्छ । सेनाले हातमा हतकडी र आँखामा कालोपट्टी बाँधेर उसलाई विभिन्न अपरिचित ठाउँमा घुमाउँछन् । कहाँ लान्छन्, के गर्न लगेका हुन् भन्ने कुरा केही थाहा हुँदैन थियो । तर्क, बुद्धि र चेतना सबैमाथि प्रतिबन्ध लगाइएको थियो । पक्राउपछि शाही सेनाका प्रतिनिधिहरूले हुने नहुने सबै खालका प्रश्नहरू सोध्ने गर्दथे । पार्टीको पोल खोल्छ भनेर कहिले माया गरेर त कहिले धम्क्याएर प्रश्नहरू सोध्ने गर्दथे :

> 'राजनीतिमा लाग्नु भएको कति भयो ?'... 'जहिलेदेखि समाजमा आर्थिक विषमता छ र यसलाई हटाउन सकिन्छ भन्ने बुझेँ ।' ... 'म मालेमामा विश्वास गर्छु । जनबलमा विश्वास गर्छु । म एउटा लेखक हुँ, पत्रकार हुँ ।' ... 'म जनताको पक्षमा लेख्ने लेखक हुँ, सत्यतथ्य उद्घाटित गर्ने पत्रकार हुँ, लेखक र पत्रकारहरूलाई स्वतन्त्रपूर्वक बाँच्न र लेख्न देऊ–यो मेरो नारा हो, हाम्रो नारा हो' – उसले स्वाँ गरेर सास फेर्यो । (पृ. १२७–२८)

प्रस्तुत उद्धरणमा प्रशान्तको गिरफ्तारीका बारेमा चर्चा गरिएको छ । प्रशान्त एक लेखक र पत्रकार हुन् । उनी निम्नवर्गको पक्षमा कलम चलाउने, सत्यतथ्य उद्घाटन गर्ने पत्रकार हुन् । प्रशान्त समाजमा भएको वर्गीय विभेदको अन्त्य गर्न सकिन्छ भन्ने वर्ग चेतना भएका क्रान्तिकारी पत्रकार हुन् । समाजमा भएको आर्थिक विषमताको प्रमुख कारण सामन्तवादी राज्यसत्ता हो र यसलाई परास्त गर्न वर्गीय चेतना भएका

शोषित पिडित जनता सङ्घर्षमा होमिएमा जीत हासिल गर्न सकिन्छ भन्ने प्रशान्तमा दृढ विश्वास छ। एकजना पत्रकार जसले समाजमा घटित यथार्थलाई समाचारमा लेख्दा सामन्ती राज्यव्यवस्थाले गरेको हर्कत निकै दर्दनाक छ। एकजना पत्रकार त्यसमा पनि बुद्धिजीवी वर्ग काठमाडौँ जस्तो ठाउँमा पक्राउ पर्दा त उसले अमानवीय यातना भोग्नु परेको छ भने सामान्य सर्वसाधारण जनता त राज्य आतङ्कको चपेटामा परेर कुकुर मरेसरी मर्न विवश थिए।

शोषित उत्पीडितवर्गका लागि आफू कत्ति पनि विचलित नभई हाँसी हाँसी मृत्युवरण गर्न तयार भएका, निम्नवर्गीय चेतनाले युक्त, परिवर्तनका सम्बाहक बौद्धिक व्यक्तित्वका रूपका प्रशान्त, प्रसुन, नविनलाई उपन्यासमा चित्रण गरिएको छ। मार्क्सवाद र क्रान्ति सम्बन्धिका कुनै पुस्तक पत्रपत्रिकाहरू, कसैका घरमा देखियो भने सम्बन्धित व्यक्ति दण्डको भागिदार बनिहाल्थे। राज्यसत्ताले गरेको अन्याय, अत्याचार, हत्या, दमन, बलात्कार लगायत राज्य आतङ्कका बारेमा समाचार प्रकाशन गर्ने पत्रकार आतङ्कारी हुन्थे। उनीहरूलाई गिरफ्तार गरिन्थ्यो र उनीहरूको हत्या समेत हुनसक्थ्यो। त्यसबेलाको बर्बर आतङ्कलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ :

> तर्क, विवेक, सत्य, संविधान, मौलिक अधिकार सबै कुरा अर्थहीन भएको बेलामा बन्दुक मात्र होइन कलम काफी छ, बोली काफी छ। बन्दुक समाउनै पर्दैन बाबु, आस्था नै पर्याप्त छ। जसलाई जे पनि फत्तुर लगाएर जे पनि गर्न पाइने सङ्कटकाल नामको यो महाकालको समयमा बन्दुक चलाउने कुरा त के बोल्न सक्ने स्थिति पनि छैन, पाइँदैन। ... सुरक्षा फौज भनिएको छ, काम हत्यारा फौजको छ। मुलुकमा हत्या, लुट र बलात्कारका कति छन् कति घटनाहरू, प्रकाशमा आउन पाउँदैनन्। जसले यस्ता कुकृत्यका बारेमा बोल्छ, लेख्छ ऊ आतङ्ककारी ठहरिन्छ। पक्राउ पर्छ र फेरि फर्केर आउँदैन। देखिहालिस् सेनजीलाई कुटीकुटी मारे। बाबाको कुरा गर्छस्, हत्या–आतङ्कको सामान्य आलोचना गर्नेहरू समेतलाई गायब पारिएको छ। जहाँ जङ्गलको राज छ, पशुहरूको शासन छ त्यहाँ के कलम, के बन्दुक, के बोली, के लडाइँ एक छन् बाबु। देखिनस् पत्रकार र मानव अधिकारवादीहरू सब पक्राउ परेका। (पृ. १४७)

प्रस्तुत उद्धरण प्रशान्तको पक्राउपछि उसका छोरा सञ्जयको जिज्ञासु प्रश्नको उत्तरमा कविताले दिएको जवाफ हो। आफ्नो बाबालाई सेनाले गिरफ्तार गरेपछि चिन्तित भएको छोरालाई सम्झाउने सान्त्वनाका शब्द कवितासँग थिएन। उनले त्यस बेलाको यर्थाथका बारेमा बोल्दैथिइन्। सङ्कटकालका बेला शाही सेनाले को कलम समाउने हो, को बन्दुक बोक्ने हो छुट्याएर हेर्दैनथ्यो। तिनीहरूले सबैलाई आतङ्कारी देख्थ्ये र सबैको उसैगरी हत्या गरिथ्ये। कृष्णसेन इच्छुक एक पत्रकार, लेखक तथा सांस्कृतिक कर्मी थिए, उनले बन्दुक बोकेका थिएनन् तर कलम चलाएकै आधारमा त्यसबेला शाही सेनाका मानिसहरूले उनलाई हिरासत भित्रै कुटीकुटी निर्मम तवरबाट हत्या गरेका थिए। यो तत्कालीन समयको यर्थात थियो जुनकुरा कविता आफ्नो छोरालाई बताउँदै थिइन्। उपन्यासमा जनयुद्धका महान् शहीद इच्छुकको बलिदानीलाई सौन्दर्यकरण गरिएको छ। इच्छुक शोषित पीडित वर्गका लागि भनेर आफ्नो अमुल्य जीवनकलाई बलिदानी गर्ने एक महान् सांस्कृतिक योद्धा थिए। उनले हेपिएका र थिचिएका वर्गका लागि भनेर सगरमाथा भन्दा गहुंगो मृत्युवरण गरेका थिए। इच्छुक जस्तै अन्य पत्रकार, मानव अधिकारवादी, प्राध्यापक जस्तो बौद्धिक

वर्गका मान्छेहरूले पनि सङ्कटकालका बेला थुप्रै सास्ती र ज्यादती भोग्नु परेको प्रसङ्गलाई उपन्यासमा उल्लेख गरिएको छ ।

प्रशान्तलाई जेलमा दिएको यातना निर्मम थियो । आफूले सोधेको प्रश्नको जवाफ नआएपछि प्रशान्तलाई शरीर थिलथिलो, रगतै रगत हुने गरी पिट्ने, खुट्टा र हातका औँलामा पिन ठोक्ने, पोखरीमा चोपली करेन्ट लगाउने, खाल्टो खनेर आधा शरीर पुरिदिने जस्ता विविध खालका शारीरिक तथा मानसिक यातना दिइएको थियो । शारीरिक र मानसिक यातनाको क्रममा प्रशान्त आफ्नै रगतको आहालमा डुबेको हुन्थ्यो । जति यातना दिँदा पनि केही पोल नखोलेपछि 'तँलाई मर्नदेखि डर लाग्दैन', 'तेरा स्वास्नी, छोराछोरी, आमा, बुबा छैनन' आदि जस्ता प्रश्नहरू उसलाई सोधिन्थ्यो । यदी सोधिएको प्रश्नको सही उत्तर दिए उसलाई छाडिने आस्वशन दिदाँ उसको जवाफ यस्तो हुन्छ :

> जसले सबै कुरा त्यागिसकेको छ र बलिदान रोजेको छ उसलाई के को डर ? ... 'जनता मारेर र मान्छेलाई गायब पारेर क्रान्ति रोकिनेवाला छैन । यो वर्ग सङ्घर्षको नियम हो । हत्या, लुट र बलात्कारले क्रान्ति रोकिने भए वर्गयुद्ध यहाँसम्म आउने थिएन ।' ... 'मरे सहिद बाँचे संसार, गद्दारीभन्दा मृत्यु प्यारो छ ।' ... 'लाग्छ । जहान–परिवार, राष्ट्र, सम्पूर्ण शोषित–पीडित जनताको माया लाग्छ । त्यसैले त क्रान्तिलाई समर्थन गरेको हुँ ।' (पृ. २०१-२०२)

प्रस्तुत उद्धरणले तत्कालीन समयमा भएको वर्गयुद्धको वास्तविक पक्षलाई उद्घाटन गरेको छ । प्रतिक्रियावादी राज्यसत्ताका पक्षधरहरूले गलाउन, थकाउनका लागि दिइएका शारीरिक तथा मनोवैज्ञानिक यातनाका वावजुद प्रशान्त आफ्नो अडानमा सतिसाल झैं खडा भएपछि उसलाई मुठभेडको बहाना गरेर हिरासत भित्रै हत्या गरिएको छ । प्रशान्त क्रान्तिकारी योद्धा हुन् । उनको विचार छोराछोरी, आमाबाबु, श्रीमतीको माया भन्दा धेरै माथि छ । उनी निम्नवर्गको पक्षमा हाँसी हाँसी बलिदान गर्न तयार हुने महान् व्यक्ति हुन् । कलमको माध्यमबाट देशमा भएको वर्गीय विभेदको अन्त्य हुनुपर्छ भन्दै आवाज उठाउँदा उनको हत्या भएको हो । पत्रकारिता मार्फत सत्यतथ्य बाहिर ल्याउन खोज्दा, कलम हातमा लिएर सत्यको उद्घाटन गर्दा जनताका मौलिक हकअधिकार र स्वतन्त्रताको कुरा उठाउँदा कोही समातिन्छ, गायब पारिन्छ, हिरासतभित्रै कुटीकुटी हत्या गरिन्छ । आफ्नो अपराधलाई ढाकछोप गर्न समातिएकै छैन भनिन्छ । वास्तविक जनयुद्धमा महान् सहिद कृष्णसेन इच्छुकलाई पनि त्यसै गरिएको थियो । वर्गीय विभेदको अन्त्यका लागि कलमको मोर्चाबाट लड्ने योद्धाहरूले पनि मृत्युवरण गर्नुपर्ने भएपछि राज्यसत्ताका विरुद्ध आमजनता बन्दुक बोक्न बाध्य हुन्छन् भन्ने मान्यतालाई उपन्यासमा स्थापित गर्न खोजिएको छ । प्रशान्त, विजय, प्रसुन, आदि क्रान्तिकारी पात्रहरू यो निष्कर्षमा पुगेका छन् र उनीहरूले अँगालेको यो विचार मार्क्सवाद अनुकुल रहेको छ । वर्गीय द्वन्द्वमा मार्क्सवादले शसस्त्र सङ्घर्षको भुमिकालाई पनि स्वीकारेको छ । यसर्थ उपन्यासका पात्रहरू वर्गीय रूपमा चेतनशील छन् र उनीहरू मार्क्सवादी सिद्धान्तले लैस भएर वर्गद्वन्द्वमा होमिएका छन् ।

## ४. निष्कर्ष

मार्क्सवादी नेपाली उपन्यास साहित्यलाई अगाडि बढाउने ऋषिराज बरालका उपन्यासहरू वर्गचेतना र वर्गद्वन्द्वले भरिएका छन् । वर्गीय समाजको साहित्य पनि वर्गीय नै हुन्छ ।समरगाथा उपन्यास २०५२ सालबाट

सुरु भएको माओवादी सशस्त्र युद्धमा आधारित छ । माओवादी सशस्त्र युद्ध वा वर्गसङ्घर्ष समाजमा रहेको वर्गविभेदको अन्त्य गर्नका लागि सुरु गरिएको थियो । उपन्यासमा नेपाली जनताले जनयुद्धमा देखाएको वीरता, साहस र सौंयको यथार्थपरक प्रस्तुति गरिएको छ । वर्गीय युद्धले सृजना गरेको नकारात्मक तथा सकारात्मक यथार्थताको चित्रण गर्दै उपन्यासले यसको सकारात्मक तथा सुन्दर यथार्थतालाई सौन्दर्यकरण गरेको छ। राज्यसत्ताले सर्वसाधारण जनता तथा क्रान्तिकारी योद्धाहरूमाथि गरेको बर्बर दमन तथा राज्य आतङ्कलाई चित्रण गर्दै वर्गयुद्धका क्रममा क्रान्तिकारीहरूले हासिल गरेको विजयका गाथाहरूलाई उपन्यासमा प्रस्तुत गरिएको छ । जनयुद्धको यथार्थपरक चित्रण गरिएको उपन्यासमा समाजमा भएको वर्गीय विभेद, अन्याय, अत्याचार, बलात्कार आदिको अन्त्यका लागि सुरु भएको वर्गयुद्धमा बुद्धिजीवी, पत्रकार, कलाकार, किसान, मजदुरलगायत विभिन्न पेसा व्यवसायमा संलग्न व्यक्तिहरू एकसाथ होमिएको प्रसङ्ग उल्लेख गरिएको छ। उपन्यासमा वर्णन गरिएका क्रान्तिकारी पात्रहरू वर्गीय चेतनाले युक्त छन् र यही वर्गचेतका कारण उनीहरू आफ्नो वर्गका मुक्तिका लागि वर्गयुद्धमा होमिएर हाँसीहाँसी मृत्युवरण गर्न तयार भएका देखिन्छन् । यसर्थ उपन्यासमा वर्गचेत र वर्गद्वन्द्वबिच घनिष्टसम्बन्ध रहेको देखिन्छ ।

(यस लेख दर्शनाचार्य-विद्यावारिधि तहको 'ऋषिराज बरालका उपन्यासमा वर्गीयता' शीर्षकमा गरिएको शोधकार्यमा आधारित रहेको छ । यस कार्यका लागि अनुदान आयोगले उपलब्ध गराएको पूर्ण विद्वत्वृत्तिको मेरो अवार्ड नं. ःPhil-78/79-H&S-08 हो । यसका लागि पूर्ण विद्वत्वृत्ति उपलब्ध गराई सहयोग गर्ने विश्वविद्यालय अनुदान आयोग, संस्थाका पदाधिकारी र सदस्यहरूप्रति म विशेष आभार प्रकट गर्छु । साथै आगामी दिनमा पनि यस संस्थाबाट म अध्ययन तथा अनुसन्धानमा यस्तै सहयोगको अपेक्षा समेत गर्दछु ।)

**सन्दर्भ सामग्रीसूची**

आफ्नास्येभ, भिक्टर (सन् १९७७), *दर्शनशास्त्रको प्रारम्भिक ज्ञान,* (अनु. कृष्णप्रसाद श्रेष्ठ), काठमाडौँ ः प्रगति प्रकाशन ।

बराल, ऋषिराज (२०६४), *समरगाथा,* काठमाडौँ ः अशोक सुवेदी ।

मार्क्स, कार्ल र एङ्गेल्स, फ्रेडरिक (१८४८), *कम्युनिष्ट पार्टीको घोषणापत्र,* (अनु. कृष्णप्रकाश श्रेष्ठ), काठमाडौँ ः प्रगति प्रकाशन ।

श्रेष्ठ, कृष्णदास (२०६५), *समाजको विकासको क्रम,* काठमाडौँ ः श्रीलाल कायस्थ ।

Khatri, T. B. (2022). Dialectical and Historical Materialistic Critique of the Bhagavad Gita. Unpublished doctoral Dissertation, Faculty of Humanities and Social Sciences, Dean's Office, Tribhuvan University, Kirtipur.